# अन्तर्राष्ट्रिय रेडक्रस तथा रेड क्रिसेन्ट अभियान तथा गैरसरकारी संस्थाहरू (गैसस) का लागि आचारसंहिता

मानवीय आवश्यकता सर्वप्रथम आउँछ !

सहयोग पाउनेहरूको जात, धर्म, वर्ण वा राष्ट्रियताको विषयलाई लिएर कुनै प्रकारको विभेद नगरी सहयोग प्रदान गरिन्छ । आवश्यकताको आधारमा मात्र सहयोग सम्बन्धी प्राथमिकता निर्धारण गरिन्छ ।

सहयोगको प्रयोग कुनै खास राजनीतिक वा धार्मिक विश्वासलाई सम्वर्द्धन गर्नका लागि गरिने छैन ।

हामी सरकारको वैदेशिक नीतिको साधनको रूपमा काम गर्ने प्रयास गर्ने छैनौं ।

हामी सबै वर्ग, जातजाति र समाजको संस्कृति, परम्परा र संस्कारको सम्मान गर्नेछौं ।

हामी स्थानीय क्षमताका आधारमा संकट-निवारण गर्ने कार्यक्रमको विकास गर्ने प्रयास गर्नेछौं ।

राहत सहयोगको व्यवस्थापनको क्रममा कार्यक्रमबाट लाभ प्राप्त गर्ने समुदायलाई संलग्न गराउने उपायहरूको खोजी गर्नेछौं ।

राहत सहयोगले प्रकोपबाट उत्पन्न हुने भावी खतरालाई कम गर्नुका साथै आधारभूत आवश्यकताहरू पूरा गर्ने प्रयास गर्नुपर्छ भन्ने मान्यतामा काम गर्नेछौं ।

हामी आफूले सहयोग गर्न चाहेको तथा आफूले स्रोत स्वीकार गरेका दुवै निकायप्रति जिम्मेवार रहेको ठान्छौं ।

आफ्ना क्रियाकलापबारे सूचनाको प्रसार-प्रचार वा विज्ञापन गर्दा हामीले प्रकोप-पीडित व्यक्तिलाई असहाय वस्तुका रूपमा लिने छैनौं । उनीहरूलाई समाजका अन्य मानिस सरह सम्मानित गर्दै उनीहरूको अधिकारको रक्षा गर्ने प्रयत्न गर्नेछौं ।

ain

अन्तर्राष्ट्रिय गैरसरकारी संस्था सङ्घ (अगैसस सङ्घ)



actionaid · care · ADRA Nepal · Folkekirkens Nødhjælp · DPNet Nepal · LWF Nepal · MercyCorps · NRCS · Oxfam · Save the Children · Terre des hommes · World Vision